# नेपाल गजेट

## भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं चैत्र १६ गते २०१३ साल

### खाद्यमन्त्रालयको विज्ञप्ति

३१।१८।०१३

२५-११-०१३

सरकारबाट गत वर्षदेखि राशन कार्डबाट धेरैने चामल वितरण गरी आएको छ तापनि केही स्वार्थी साहू महाजन व्यापारीहरूले आफूसँग भएको स्टक टायममा बिक्री नगरी अनुचित नाफा खान आफ्नो मनलागेको बखत बिक्री गर्ने र किनी थुपारिदिने समेत गरेको कारणबाट बजार भाउ दिन पर दिन महंगी भएको हुँदा जनताको हितको लागि बजारको भाउ सस्ता गर्ने उद्देश्यले वस्तुनियन्त्रण अल्पकालीन अधिकार ऐन२०१२ अन्तर्गत यो विज्ञप्ति प्रकाशित गरिएको छ। यस काठमाडौं उपत्यकाभित्र र पूर्वतर्फ पू. १नं. बनेपासम्मका जनता साहू महाजन व्यापारीहरूले तल लेखिएभन्दा बढी स्टक कसैले राख्न पाउने छैन। तर लेखिएभन्दा बढी स्टक राख्नुपर्नेहरूले सो बढी स्टक राख्नुपर्ने कारण खुलाई दरखास्त दिनुपर्छ र सो हेरी मुनासिब कारण देखिए बढी स्टक राख्ने परमीट दिनेछन्। सो परमीट नपाएसम्म बढी स्टक राख्न पाउने-छैन। यो विज्ञप्ति प्रकाशित हुनुभन्दा अघिदेखि लेखिएबमोजिमभन्दा बढी स्टक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६२२

हुनेहरूले भने यो विज्ञप्ति प्रकाशित भएका १५ दिनभित्र दरखास्त दिई सो दरखास्त दिनेहरु म्याद नाघेको मौलीपुल्ट खाद्यविभागमा हाजिर हुनुपर्छ र सो दरखास्त । लेखिएको बढी स्टक सरकारबाट अख्तियार पाएको निकाय बाहेक केही गर्न हुँदैन, वस्तुनियन्त्रण अल्पकालीन अधिकार ऐन २०१२ अन्तर्गत सरकारबाट अख्तियार पाएकाले खान तलासी लिदा निम्न लिखितमा लेखिएभन्दा बढी स्टक बिना परमीटले राखिछाडेको देखिएमा सो बढी स्टक उक्त ऐनको ४।२।अ२७ दफा अन्तर्गत जफत गरी साहा ऐनका ४।२। क दफाबमोजिम बढीमा २ बर्षसम्म कैद वा रु २०००। सम्म जरिवाना हुनेछ । पोलाहा भएमा पोलाहाले सैकडा रु २५। कमिसन सोही ऐनको ६।४। अ दफाबमोजिम पाउनेछ र पोलाहाले दिन इबा लिई अथवा मबुझी पोल गरेकोमा ऐनबमोजिम सजायसमेत पाउनेछ ।

[१] व्यापारको लागि बाहेक आफ्नो घर व्यवहार चलाउन दैनिक खानाको लागि आफ्नो परिवारको ०।४ कार्तिक मसान्तलाई आफ्नो घरको परिवार संख्या हिसाब जवान मैन्हा १ के धान भए पाथी । १५, अरू चामल गहुं कोदो मकै भए पाथी ।७।४ का दरले खान चाहिनसम्म स्टक राख्न पाउनेछ । तर १० बर्षसम्मका केटाकेटीहरुलाई भने लेखिएको अंकमा आधिका दरलेभन्दा बढी स्टक राख्न पाउनेछैन ।

[२] आफ्ना व्यवहारको लागि केही मकै गहुं कोदो च्यूरा राख्ने चलन हुंदा उक्त १ दफाबमोजिम राख्न पाउनमा थप १ परिवारले कोदो मुरी १। गहू मुरी १। मकै पाथी ।१० च्यूरा पाथी ।५ भटमास पाथी ।२ सम्म र दलहनको लागि लाग्ने चना केराउ खसरी रहर मुगी मुसुरो मास भटमास गहत इत्यादि खाद्यान्न सबै मिलाइ १ परिवारले ।१० पाथीसम्म लेखिएबमोजिम दरखास्त नदिकन पनि स्टक राख्न पाउँछ ।

[३] कसैको आफ्नो खेती छ भने खेतीको ज्याला खाजा बापत पनि जिन्सीनै दिने चलन हुंदा धान खेतामा रोपनी १ के १ मुरी धान र मकै बारीका लागि ।८ पाथी मकैसम्म सो कामको लागि खानाबाहेक अलग स्टक राख्न सक्दछ ।

[४] व्यापारी पसलेहरुको हकमा [क] लाइसेन्सवाला [खुद्रे पसले]हरुले चामल मुरी ५। कोदो मुरी १। गहुं मुरी १। च्यूरा मुरी २। र चना केराउ खेसरी रहर मुसुरो मुगी मास इत्यादि खाद्यान्न ।१० का दरले र [ख] लाइसेन्सवाला व्यापारीले

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६२९६

भने धान चामल गरी २५। कोदो मुरी १५। गहुँ मुरी १५। मकै मुरी १०। च्यूरा मुरी १०। चना मुरी ५। केराउ मुरी ५। खेसरी मुरी ५। रहर मुरी ५। मुसुरो मुरी ५। मुगी मुरी ५। मास मुरी ५। भटमास मुरी ५। इत्यादि खाद्यान्न एक साथ राख्न पाउँछ। [क] लाइसेन्सवालाले खरीद बिक्रीको खाता राख्नी सरकारबाट जाँच भएको बखत देखाउन दिनु पर्छ।

[५] उक्त लेखिएको कुरा खाद्यान्न मधेश तराई वा बिदेशबाट झिकाई बिक्री गर्ने [क] लाइसेन्सवालाहरुले झिकाएको खाद्यान्नमा लागू हुनेछैन। तर उनीहरुले पनि अनुचित फाइदा उठाउनको लागि नथुपारी जनहितको ख्याल राखी बिक्री गर्नु पर्छ। सोबमोजिम जनहितको ख्याल नराखी काम कारबाई गरेमा वा लिन पाउनेहरुलाई बिक्री नगरेमा कानूनअनुसार हुनेछ।

[६] कसैले सरकारी कामको लागि रसदको ठेक्का लिई बढी स्टक राखेको छ भने सो बेहोरा खोलाई १५ दिनभित्र खाद्यविभागमा लेखाई खाद्यविभागको स्वीकृति लिनुपर्दछ। पछि कुनै कारणले खानतलासी भई रसद ठेक्काको कामलाई राखेको भनी रिहाई पाउनेछैन।

उक्त दफा दफामा लेखिएका कुराको बिरुद्ध काम कारबाई गर्नेलाई उक्त ऐनमुताबिक हुने गर्नेछ र यसै बिज्ञप्तिद्वारा यो पनि सूचित गरिन्छ कि यो बिज्ञप्ति प्रकाशित भएपछि यस बिषयमा यसपछि प्रकाशित भई रहेको सूचना बिज्ञप्तिमा बाझिएको जति खारेज गरिएको छ र खारेज भएको सम्झनु पर्छ। यही बिज्ञप्तिअनुसार हुने गर्ने र गर्नु पर्छ।

आज्ञाले—

देवीप्रसाद गिरी,

डेपुटी सेक्रेटरी-खाद्यमन्त्रालय.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६२८